प्रदेश सरकार
समाजिक विकास मन्त्रालय,
प्रदेश नं. २, जनकपुरधाम

## प्रदेश नं. २ अन्तर्गत पर्ने सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरुको लागी आत्मरक्षा सम्वन्धि तालिम प्रदान कार्यको प्रस्ताव आव्हानको सूचना

सूचना प्रकाशित मिति :२०७६।०२।०५.........

यस मन्त्रालयको लागि आ.व.२०७५।०७६ को वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. २ अन्तर्गत पर्ने सामुदायिक विद्यालयका किशोरीहरुका लागी आत्मरक्षा सम्वन्धि तालिम प्रदान कार्य सम्वन्धित क्षेत्रमा कार्यरत संघसंस्थामार्फत सम्पन्न गराउनुपर्ने भएकाले सो सम्वन्धमा प्राविधिक र आर्थिक प्रस्ताव छुटाछुटै ८ जिल्लाका लागि छुटाछुटै रुपमा काम गर्ने गरी प्रस्ताव माग गरिएको छ ।

प्रस्तावदाताले पालना गर्नुपर्ने शर्तहरु :

१. प्रस्ताव पेश गर्ने संघसंस्थाले यस मन्त्रालय (सचिवस्तर) बाट स्वीकृत प्रस्ताव आव्हान पत्र तथा कार्यविधि अनुसारको शर्तहरु पालना गर्नुपर्नेछ ।
२.प्रदेश नं २ भित्र कार्यक्षेत्र भएको संघसंस्थाहरुले मात्र प्रस्ताव पेश गर्न पाइनेछ ।
३.प्रस्तावना माग गरिएको विषय संग संस्थाको विधानमा उक्त कार्य गर्ने उद्देश्य रहेको र कार्यक्षेत्र मिलेको हुनुपर्नेछ ।
४.प्रस्ताव जिल्लागत रुपमा पेश गर्नुपर्नेछ ।
५.प्रस्ताव पत्रमा सबै बुँदाहरु स्पष्ट रुपमा भरिएको र प्रस्ताव पेश गर्ने संस्थाले हरेक पाना प्रमाणित गरी सिलबन्दि दर्ता गर्नुपर्नेछ ।
६.सामाजिक विकास मन्त्रालयमा सूचिकृत संघसंस्थालाई ग्राह्यता दिइनेछ ।
७.कार्यक्रम मूल्याङ्कन, छनौट तथा अनुगमन सम्वन्धी व्यवस्था सामाजिक विकास मन्त्रालयद्वारा जारी गरिएको सरकारी, अर्धसरकारी तथा गैर सरकारी संस्थाहरुलाई दिइने अनुदान सम्वन्धि निर्देशिका,२०७५ बमोजिम हुनेछ ।
८.प्रस्तावना पेश गर्दा सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा, सो दिन सिार्वजनिक बिदा परेमा भोलिपल्ट सोही समयभित्र शैक्षिक योजना तथा अनुसन्धान महाशाखामा पेश गर्नुपर्नेछ ।
९.म्याद नाघि आइका तथा रीतपूर्वक नआएका प्रस्ताव उपर छनौटकालागि कुनै कारवाही गरिनेछैन ।
१०.प्रस्तावना छनौट भएका संघसंथाले सम्झौता वमोजिम काम गर्नुपर्नेछ ।
९.प्रस्ताव आव्हान पत्र तथा कार्यविधि एवं सरकारी, अर्धसरकारी तथा गैर सरकारी संस्थाहरुलाई दिइने अनुदान सम्वन्धि निर्देशिका,२०७५ यस मन्त्रालयको वेवसाईट www.mosd.p2.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ ।

उप.सचिव.

नि. प्रदेश सचिव